कुशे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:०८१।०८२

चलानी नं: २०७३ मिति: २०८२।०३।२५

**सूचना ! सूचना !! सूचना !!!**

सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा (४) अनुसार यस कुशे गाउँपालिका अन्तर्गत ९ वटै वडामा सामाजिक सुरक्षा भत्ता प्राप्त गरी रहनु भएका सम्पुर्ण लाभग्राहीहरुले चालु आ.व. २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागी तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा लाभग्राहीहरु स्वयम् उपस्थित भई **यही मिति २०८२ साल साउन ०१ गते देखी २०८२ साल भदौ मसान्त भित्र अनिवार्य** रुपले आ-आफ्नो **सक्कल प्रमाण-पत्र** सहित उपस्थित भई सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु हुन अनुरोध छ । साथै स्वयम उपस्थित हुन नसक्ने बालबालिका, पुर्ण अशक्त र ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार-सुसार गर्ने व्यक्तिले समेत निवेदन दिन सकिने छ ।

**नविकरण गर्दा वडा कार्यालयमा आवश्यक पर्ने अनिवार्य कागजातहरु:**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति,
- बालबालिकाको हकमा जन्मदर्ता को प्रतिलिपि तथा संरक्षकको नागरिकताको प्रतिलिपि १/१ प्रती,
- विधुवा र ६० वर्ष उमेर पुरा भएका एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपि तथा अर्को विवाह नगरेको वडाको सिफारिस,
- "क" र "ख" वर्गका अशक्त लाभग्राहीहरुको हकमा गाउँपालिकाबाट जारी भएको परिचयपत्रको रंगिन प्रतिलिपि तथा संरक्षकको नागरिकताको प्रतिलिपि १/१ प्रति,
- १६ वर्ष माथिका लाभग्राहीहरुको बायोमेट्रिक भेरिफिकेशन अनिवार्य हुने भएकोले १० अंकको राष्ट्रिय परिचय नम्बर ।(९० वर्ष भन्दा माथिका जेष्ठ नागरिक र "क" वर्गका पुर्ण अशक्तको हकमा अनिवार्य नभएको)

**याद गर्नुहोस:**

✓ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा (४) को उपदफा (६) बमोजिमको म्याद भित्र नवीकरण नभएमा लाभग्राहीको सुचि सिस्टमबाट स्वत लगत कट्टा भई भत्ता प्राप्त नहुने कुरा जानकारी गराईन्छ। साथै लाभग्राही पुन सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम निवेदन दिन सकिने छ र त्यो समय बिचको भत्ता प्राप्त हुनेछैन ।

विरेन्द्र जैसी
शाखा प्रमुख

खेम राज थापा
प्रमुख प्रशासकीय अधिकृत

ईमेल:verspkushemun@gmail.com, सम्पर्क नं.: ९८६६२२१५७२,९८५८०७५३२५